# स्थानीय राजपत्र

कञ्चनरुप नगरपालिका, सप्तरीद्वारा प्रकाशित

बर्ष ६) संख्याः. ५) प्रकाशित मितिः२०८१।१०।०६

## कञ्चनरुप नगरपालिका कर्मचारी स्थायी पदपूर्ति सम्बन्धी नियमावली"२०८१"

**प्रस्तावनाः**

कञ्चनरुप नगरपालिका, नगर कार्यपालिकाको कार्यालय साथै यस मातहातका सम्पूर्ण कार्यालयमा कार्यरत करार,अस्थायी कर्मचारीहरुको प्रभावकारी व्यवस्थापन मार्फत सेवा प्रवाहलाई सुदृढ एवम् प्रभावकारी बनाउन तथा स्थानीय सेवालाई सक्षम, सेवामूलक, सुशासनमुखी, उत्तरदायी, सहभागीतामूलक र व्यावसायिक बनाउँदै स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा तत्काल कानूनी व्यवस्था गरी कञ्चनरुप नगरपालिकामा कार्यरत कार्यरत करार,अस्थायी कर्मचारीहरुको आन्तरिक प्रतिस्पर्धाबाट स्थायी पदपूर्ति गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन "२०७४" र मधेश प्रदेश सरकारबाट जारी भएको "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ " को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी कञ्चनरुप नगरपालिका नगर कार्यपालिकाको कार्यालयले स्वीकृत गरी यो कार्यविधि जारी गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यो नियमावलीको नाम "कञ्चनरुप नगरपालिकाको कर्मचारी स्थायी पदपुर्ति सम्बन्धी नियमावली "२०८१" रहेको छ ।

(२) यो नियमावली नगरकार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुने छ ।

२.परिभाषाः बिषय वा प्रसंग ले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

क) " ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन "२०७४" र "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१" सम्झिनु पर्दछ ।

ख) "नगरपालिका" भन्नाले कञ्चनरुप नगरकार्यपालिकाको कार्यालय लाई सम्झिनु पर्दछ ।

ग)" मुख्य कार्यालय" भन्नाले नगरपालिका रहेको केन्द्रिय कार्यालय सम्झिनु पर्दछ ।

घ) "समिति" भन्नाले कञ्चनरुप नगरपालिकाको पद पुर्ति समितिलाई सम्झिनु पर्दछ ।

ङ) "कर्मचारी" भन्नाले कञ्चनरुप नगरपालिकाको मिति २०७४/०६/२९ अगावै देखि निरन्तर रुपमा कार्यरत करार,अस्थायी तथा समायोजन भएको कर्मचारीलाई सम्झिनु पर्दछ ।

च)"स्थायी पद" भन्नाले कञ्चनरुप नगरपलिकाको संगठन संरचनालाई नगरसभा द्वारा स्वीकृत भएको पदलाई सम्झिनु पर्दछ ।

छ) "आर्थिक बर्ष" भन्नाले श्रावण १ गते देखी शुरु भई अषाढ मसान्तमा समाप्त हुने अवधी लाई सम्झिनु पर्दछ

ज) "नगर सभा" भन्नाले नगरपलिकाको नगर सभा सम्झिनु पर्दछ ।

झ) "मन्त्रालय" भन्नाले सम्बन्धित सेवा समुह बमोजिमको मन्त्रालय सम्झिनु पर्दछ ।

ञ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतको रुपमा काम गर्न नेपाल सरकारबाट खटाईएको अधिकृत लाई सम्झिनु पर्दछ ।

ट) "अध्यक्ष" भन्नाले पद पुर्ति समितिको अध्यक्षलाई सम्झिनु पर्दछ ।

ठ) "सचिव" भन्नाले कञ्चनरुप नगरकार्यपालिका कार्यालयको प्रमुख प्रशासकिय अधिकृत सम्झिनु पर्दछ

ड) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झिनु पर्दछ ।

ढ) "प्रमुख" भन्नाले कञ्चनरुप नगरपालिकाको नगर प्रमुखलाई सम्झिनु पर्छ ।

ण) "अबिच्छिन्न" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ प्रारम्भ हुनु अगावै देखी कुनैपनी श्रोतबाट साबिक गा.बि.स./स्वास्थ्य संस्था/नगरपालिका कार्यक्रम मार्फत तलब भत्ता खाईपाई आएका र अबिच्छिन्न रुपमा कामकाज गर्दै आएका कर्मचारी लाई सम्झिनु पर्दछ ।

**२.नियमावलीको ब्याख्याः**

(१) कुनै अधिकारले यस नियमावलीको कुनै नियम प्रयोग गर्दा गरेको ब्याख्याबाट कुनै ब्यक्ति वा कर्मचारीलाई मार्का परेमा निजले नगरपालिका समक्ष निवेदन दिन सक्नेछ ।

(२) उप-नियम १) बमोजिम पर्न आएको निवेदनको सम्बन्धमा नगरपालिककाले गरेको ब्याख्या अन्तिम हुनेछ

## परिच्छेद-२

### तह,स्तर र समुह बिभाजन

३. <u>नगरपालिकामा रहने कर्मचारीको तह,स्तर र समुह</u>ः

१) नगरपालिकामा सहायक स्तरका तहहरुमा प्राबिधिक पद तथा प्रशासनिक पदहरु रहने छन ।

२) उप नियम १) बमोजिमका बिभिन्न तहका कर्मचारीको समुह, उप समुहहरु अनुसूची-१ मा तोकिए बमोजिम हुनेछ ।

३) नगरपालिकाले प्रत्येक पदको कार्यबिबरण तोकिनेछ र त्यस्तो कार्यबिबरणमा सम्बन्धित पदको काम,कर्तब्य उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिएको हुनेछ ।

४) यो नियमावली लागू भएको एक महिना भित्र प्रत्येक कर्मचारीलाई कार्यबिबरण उपलब्ध गराउनु पर्ने छ ।

५) नगरपालिका पदपुर्ति सेवा गठनः नगरपालिका भित्र देहाय बमोजिमका सेवा रहनेछ ।

(क) प्रशासन सेवा

(ख) प्राबिधिक सेवा

४. <u>स्थायी पद श्रृजना तथा दरबन्दी खारेज</u>ः

(१) नगरपालिकामा रहने बिभिन्न तहका दरबन्दीहरुको श्रृजना नगरसभाले निर्णय गरे बमोजिम हुनेछ।

(२) उप नियम-१) बमोजिम पेश भएको बिबरणमा थप दरबन्दी श्रृजना गर्दा नगरपलिकालाई पर्ने आर्थिक दायीत्व समेत स्पष्ट गरिएको हुनु पर्नेछ ।

(३) दरबन्दी श्रृजना गर्दा नगरपालिका अन्तर्गत रहने शाखाहरु तथा पदको अनुपात विवरण नगरसभाले निर्णय गरे बमोजिम हुनेछ ।

(४) दरबन्दी श्रृजना गर्दा संगठन संरचनाको पदको अनुपात तथा आवश्यकता अनुसार श्रृजना गर्नु पर्नेछ ।

५.<u>स्थायी सेवामा नियुक्ति</u>ः

१) नगरपालिकामा कायम रहेको मौजुदा दरबन्दीमा स्थानीय सरकार संचालन ऐन,२०७४ प्रारम्भ हुनु अगावै देखि नगरपालिका/साबिक गा.बि.स./स्वास्थ्य अन्तर्गत प्रशासन सेवा / प्राबिधिक सेवा र अन्य अबिच्छिन्न रुपमा कार्यरत करार / अस्थायी / नियुक्ति भई पद परिवर्तन भएको कर्मचारी समेतलाई सूचना प्रकाशन गरी एक पटकलाई स्थायी पदपुर्ति गरिनेछ ।

२) उप दफा १) मा जेसुकै लेखिएको भए तापनि स्थानीय सरकार संचालन ऐन २०७४ प्रारम्भ हुनु अगावै देखी कुनैपनि श्रोतबाट नगरपालिका/साबिक गा.बि.स./स्वास्थ्य मार्फत तलब भत्ता खाई पाई आएका अबिच्छिन रुपमा कामकाज गरेको कर्मचारीलाई मानिनेछ ।

# परिच्छेद-३

## पदपुर्ति सम्बन्धी व्यवस्था

**६.स्थायी पदपुर्तिः**

(१) नगरपलिकामा रिक्त रहेको स्थायी पदपुर्ति गर्दा आन्तरिक प्रतिस्पर्धा मुल्याङ्कन प्रकृयाद्वारा पदपुर्ति गरिनेछ ।

२) उप-नियम १) वमोजिम पदपुर्तिको प्रतिशत निर्धारण देहाय बमोजिम गरिनेछः-

| स्तर | तह | आन्तरिक प्रतिस्पर्धा मुल्याङ्कन | कैफियत |
|---|---|---|---|
| सहायक स्तर | ४ | १००% | |
| | ५ | | |

**७. पदपूर्ति समिति सम्बन्धी व्यवस्थाः**

१) नगरपालिकाको सेवामा स्वीकृति रिक्त पदमा आन्तरिक प्रतिस्पर्धाबाट स्थायी पदपुर्ति गर्न एक पदपूर्ति समिति देहाय बमोजिम रहनेछ।

क) कुनै राजनितिक दलको सदस्यता नलिएको,कम्तीमा स्नातक भई प्रशासनिक वा न्यायिक वा शैक्षिक क्षेत्रमा सात वर्ष अधिकृत स्तरको अनुभव प्राप्त गरी वा सो भन्दा माथिको पदमा अनुभव प्राप्त गरी सेवा निबृत भएका नेपाली नागरिक मध्येबाट नगरकार्यपालिकाको बैठकले तोकिएको ब्यक्ति..............................................................................१ (एक) जना अध्यक्ष

ख) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय वा जिल्ला समन्वय समितिले तोकिएको अधिकृत स्तरको प्रतिनिधी-सदस्य
ग) सम्बन्धित लोकसेवा आयोग/क्षेत्रिय कार्यालयको प्रतिनिधि............ सदस्य
घ) नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत........... सदस्य सचिव
२.पदपुर्ति समितिले आफ्नो बैठकमा आवश्यक्ता अनुसार कुनै बिशेषज्ञलाई सहभागीको रुपमा आमन्त्रण गर्न सकिनेछ ।
३) पदपूर्ति समितिको बैठक पदपूर्ति समितिको अध्यक्षको स्वीकृति लिई सदस्य सचिवले बोलाउने छन ।
४) पदपूर्ति समितिको बैठक सम्बन्धी अन्य कार्यबिधी पदपूर्ति समिति आफैले निर्धारण गर्नेछन ।
५) पदपूर्ति समितिको सचिबालयको काम नगरपालिकाको कर्मचारी प्रशासन शाखाले गर्नेछ ।

६) माथि जुनसुकै कुरा लेखिएको भएपनि नियमावलि स्वीकृत हुनु अगावै स्थायी पदपूर्ति प्रयोजनको लागि कञ्चनरुप नगरपालिका,नगरकार्यपालिकाको कार्यालयको बैठकबाट गठन भएको समितिलाई यसै बमोजिम गठन भएको समिति मानिनेछ ।

**८. <u>पदपूर्ति समितिको काम,कर्तब्य र अधिकार</u>ः**

१) पदपूर्ति समितिको काम,कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-
क) आन्तरिक प्रतिस्पर्धा द्वारा पदपुर्ति गर्नुपर्ने पदका लागि बिज्ञापन गर्ने,दरखास्त आव्हान गर्ने,परीक्षा प्रणाली छनौट गर्ने,परीक्षा तथा अन्तरबार्ता संचालन गर्ने गराउने तथा उम्मेदबार छनौट गरी योग्यताक्रम अनुसार नियूक्तिका लागि सिफारिश गर्ने ।
२) नियुक्ति संग सम्बन्धित अनुसुचिहरु यसै समितिले तोकिए बमोजिम हुनेछ ।

**९. <u>बिज्ञापन प्रकाशित गर्ने तरिका</u>ः**

१) नगरपालिकामा कार्यरत रहेको करार तथा अस्थायी पदहरु आन्तरिक प्रतिस्पर्धात्मक द्वारा स्थायी पद पुर्ति गरिनेछ । सो प्रयोजनको लागि बिज्ञापन गर्दा कम्तिमा १५ दिनको म्याद तोकी राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गरी दरखास्त आव्हान गर्नुपर्नेछ ।
२) उप नियम १) बमोजिम सूचना प्रकाशन गर्दा उक्त सूचना पदपूर्ति समितिले तोकिए बमोजिम हुनेछ ।

**१०. <u>आन्तरिक प्रतिस्पर्धात्मक मुल्याङ्कन प्रकृयाद्वारा पुर्ति गर्दा अपनाउनु पर्ने कार्यबिधी</u>ः**

(१) नगरपालिकामा आन्तरिक प्रतिस्पर्धात्मक द्वारा पदपूर्ति गर्नुपर्दा पदपूर्ति समितिले देहाय बमोजिम एक वा एक भन्दा बढी परीक्षा पद्वति अपनाई पदपूर्ति गर्न सक्नेछः-

(क) लिखित परिक्षा
(ख) अन्तरवार्ता

२) प्रत्येक परिक्षाको उतिर्णाङ्क निर्धारण गर्दा प्रत्येक पत्रमा कम्तिमा ३३% प्रतिशत भन्दा कम अंक निर्धारण गरिने छैन ।

**११. <u>उम्मेदवार हुन र नियुक्तिको लागि अयोग्यता</u>ः**

(१) देहायको ब्यक्तिहरु नगरपलिकाको सेवाको पदमा नियुक्त हुन सक्ने छैननः-
क) तोकिएको उमेर पुरा नभएको ।

ख) गैर नेपाली नागरीक ।
ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएका ।
घ) समान पदकोलागि योग्यता नपुगेका ।
ङ) एकै बिषयमा २ पटक वा सो भन्दा बढी कार्बाई परी सफाई नपाएको वा निलम्बन परेको ।

(२) उप नियम १ को खण्ड क मा जुन सुकै कुरा लेखिएको भएतापनि यो नियमावली प्रारम्भ भएपछि हुने बिज्ञापनमा नगरपालिका वा मातहतको संस्थामा कार्यरत अस्थायी/करार तथा सोहि बमोजिमको अन्य कर्मचारीको हकमा एक पटकका लागि उमेरको हदको वन्देज लाग्ने छैन ।

**१२.<u>लिखित परीक्षाको नतिजा प्रकाशन</u>ः**

(१) लिखित परिक्षा समाप्त भएको ७ दिन भित्र नतिजा प्रकाशन गर्नुपर्नेछ ।

**१३.<u>अन्तरबार्ता</u>ः**

क) लिखित परीक्षाको नतिजा प्रकाशित भएको ७ दिन भित्र अन्तरबार्ता लिनु पर्नेछ ।
ख) अन्तरबार्ताको फारम पदपूर्ति समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**१४.<u>योग्यताक्रम तथा सिफारिश</u>ः**
अन्तरबार्ता समाप्त भएको समान्यता ७ दिन भित्र योग्यताक्रम प्रकाशित गरी सिफारिश गरिनेछ ।

**१५.<u>नियुक्ति दिने अधिकारी</u>ः**

(१) पदपूर्ति समितिले सिफारिश गरेको उम्मेदबारलाई नगरकार्यपलिकाको निर्णय अनुसार प्रमुख प्रशासकिय अधिकृतले नियुक्ति दिनेछ ।
(२) सिफारिश भएको ब्यक्तिलाई सिफारिश भएको ७ दिन भित्र नियुक्ति पत्र दिनु पर्नेछ ।
(३) नियुक्तिपत्र साथ नियुक्ति दिईने पदको कार्य बिरण उपलब्ध गराउनु पर्नेछ ।कार्यबिबरणको ढाँचा तोकिए बमोजिम हुनेछ ।

**१६.<u>आवश्यक न्युन्तम शैक्षिक योग्यता</u>ः** नगरपालिकामा कार्यरत कर्मचारीको लागि आवश्यक न्युन्तम शैक्षिक योग्यता देहाय बमोजिम हुनेछ ।
(१) सहायकस्तरः-

(क) पाँचौ तहको लागिः-मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित बिषयमा प्रमाणपत्र तह वा सो सरह उतिर्ण भएको हुनु पर्नेछ ।

(ख) चौथो तहको लागिः- मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उतिर्ण भएको हुनु पर्नेछ ।

(२) उप नियम १) बमोजिम शैक्षिक योग्यताको अतिरिक्त प्राबिधिक कर्मचारीको हकमा उक्त पदको लागि तोकिए बमोजिमको शैक्षिक योग्यता प्राप्त गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनु पर्नेछ ।

उपनियम २) दफा १६ को उप दफा २ को नियम १ मा जुनसुकै कुरा लेखिएको भएता पनि बिशेष किसिमको प्राबिधिक पाँचौ र चौथो तह/ पदको लागी उपदफा १ को (क) र (ख) बमोजिम न्युनतम शैक्षिक योग्यता उतिर्ण गरी सम्बन्धित बिषयमा तालिम वा अनुभव प्राप्त भएको भएपनि पदपूर्ति गर्न बाधा हुने छैन।

(३) यो नियमावली प्रारम्भ भएपछि सहायक स्तर पहिलो,दोस्रो र तेश्रो तहको पद श्रृजना गरिने छैन र ति पदमा हाल बहाल रहेका कर्मचारीले अवकास प्राप्त गरेपछि ति पदहरु स्वतः खारेज हुनेछ ।

१७.<u>अन्य पदको लागि बिशेष ब्यबस्था</u>ः

यस नियमावलीमा जुनसुकै कुरा लेखिएको भएतापनि यो नियमावली प्रारम्भ हुनु अगावै पद परिवर्तन भई यस नगरपालिका वा अन्तरगत कार्यरत कर्मचारीको हकमा समान मिल्दो पदमा पदपूर्ति गर्न बाधा हुने छैन ।

**१८.संशोधन गर्न सक्नेः** यो नियमावलीमा आवश्यक संसोधन तथा थप घट गर्ने अधिकार नगर कार्यपालिकामा निहित रहनेछ ।

**१९.खारेजी र बचाव**ः-यो कार्यबिधि अनुसार पदपूर्ति भए पश्चात यस नियमावलि संग अन्य ऐन,नियम बाझिएको हकमा कानुन बमोजिम हुनेछ ।

# अनुसूची- १

कञ्चनरुप नगरपालिका

विनियम ३(२) संग सम्बन्धित

नगरपालिकामा देहाय वमोजिमका समुह तथा उप-समुहहरु रहनेछन ।

(क) प्रशासन सेवा

१. सामान्य प्रशासन सेवा समुह

२. लेखा समुह

३. राजश्व समुह

४. अन्य (स.प.)

(ख) प्राविधिक सेवा

१. ईन्जिन्यरिङग समुह

१.१. सिभिल

१.२. आर्किटेक्ट

१.३. वातावरण

१.४. मेकानिकल

१.५. ईलेक्ट्रिकल

२. स्वास्थ्य समुह

उप समुह

२.१ जनस्वास्थ्य

२.२ ज.नर्सिङ्ग/प.हे.न./क.न.

२.३.जनरल मेडिसीन (विशेषज्ञ)

२.४ अन्य (पो.स.)

३. संचार समुह

उप समुह

३.१. कार्यक्रम उत्पादक तथा संचालक उपसमूह

३.२. सम्पादक उप समूह

अनुसुची-२

बिनियम ८ (२) संग सम्बन्धित

कंचनरुप नगरपालिका

निरोगिता प्रमाण-पत्रको नमुना

कंचनरुप नगरपालिका............................कार्यालयको............................सेवाको पदमा उम्मेदवार हुनु भएका श्री..................................लाई मैले जाँच्दा कुनै सरुवा वा कडा रोग लागेको वा कुनै किसिमको शारिरिक विकृति वा आन्तरीक रोग भएको पाइन । निजमा ........................रोग भए तापनि निजलाई त्यसले उपरोक्त सेवाको ..................पदमा काम गर्न असमर्थ बनाउदैन ।

निजको हुलिया......................................................छ ।

क) दाँया हातको बुढि औलाको छापः-...........................................

ख) सम्बन्धित ब्यक्तिको दस्तखतः-.................................................

ग) मितिः-..................................................................

प्रमाणित गर्ने चिकित्सिकको:

क)नामः-................................................

ख) दस्तखतः-..........................................

ग)नेपाल काउन्सिल रजिष्ट्रेशन नम्बरः-.................................

घ)मितिः-.....................................................

| | |
|---|---|
| प्रमाणिकरण मितिः २०८१।१०।०५ | आज्ञाले,<br>नवराज खड्का<br>प्रमुख प्रशासकीय अधिकृत |
| | |